परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष १२ ❑ अंक १३ २०८० कार्तिक १२ गते आईतवार Sunday 29, OCT 2023 ❑ पृष्ठः ६, ❑ मूल्य रु. १०/-

## नेपालको थारु समुदायलाई विहारको थारु संग्रालहयसंग जोड्ने अभियान






विराटनगर । नेपालको आदीवासी जनजाति थारु समुदायलाई विहारको थारु संग्राहलयसँग जोड्ने अभियानमा भारत नेपाल सामाजिक सांस्कृतिक मञ्चका अध्यक्ष राजेशकुमार शर्मा लागि परेका छन् ।

बिहारको पश्चिम चम्पारण जिल्लामा आदिवासी थारु जनजातिका परम्परागत वस्तुहरू संरक्षित गरेको संग्रहालय रहेको छ । उक्त सङ्ग्हालय बिहारको एक मात्र सङ्ग्हालय हो जहाँ प्राचीन कालमा आदिवासीहरूले शिकार गने प्रयोग गर्ने हतियार र दैनिक जीवनमा प्रयोग हुने वस्तुहरू संरक्षित गरिएको छ । अहिले ती सामग्रीहरु हरनाटाण्डस्थित महादेवा गाउँको एउटा सानो भवनमा भण्डारण गरिएको छ ।

शर्माका अनुसार पश्चिम चम्पारणमा रहेको यो संग्राहलय लयमा थारु जातिको इतिहास, कला र संस्कृति समेटिएको छ । उक्त भवन सन् २०१२ मा निर्माण भएको थियो ।

हाल उक्त स्थानमा एक सयभन्दा बढी वस्तुको संरक्षण गरिएको छ । शताब्दीयौं देखि जंगलमा बसोबास गर्ने थारु समुदायका मानिसहरूले प्रयोग गर्ने गरेका थिए । नेपालका थारु आदीवासी जनजातीहरु संग मिल्दो जुल्दो भएकाले विहारको थारु संग्राहलयसंग जोड्ने प्रयास गरेको शर्माले वताए ।

माछा मार्ने छन्नी होस् वा कपडाको र्याक होस्, आज यी बहुमूल्य वस्तुको अस्तित्व लोप हुने अवस्थामा पुगेको शर्माले बताउँछन् । वास्तवमा आधुनिकी करणका कारण थारु समुदायका मानिसले पनि परम्परागत वस्तुको प्रयोग गर्न पाएका छैनन् ।

हरेक यन्त्रको आ-आफ्नै महत्व

म्युजियममा रहेको हरेक वस्तु हातले बनाइएको छ । ती बस्तु बाँस, पात र जंगलमा उब्जाएको विशेष प्रकारको घाँसको प्रयोग गरिएको छ । संग्राहलयमा रहेका अधिकांश वस्तु शिकारका लागि बनाइएका औजार रहेको छ । तीमध्ये बाँस र मुसबाट बनेको डेली, गेद्रा, बेवा, जटारी, कोइन, खुट्की, गुर्ता, झिमार र छिन्नी विशेष छन् ।

यी यन्त्रको प्रयोगको कुरा गर्ने हो भने समातेका माछा पाल्न डेलीको प्रयोग गरिन्छ, गेडारालाई केकडा मार्न प्रयोग गरिन्छ, बेवालाई थोरै मात्रामा माछा मार्न प्रयोग गरिन्छ, जटारीलाई मुसा मार्न प्रयोग गरिन्छ, कोइनलाई माछा मार्न प्रयोग गरिन्छ । चरा समात्न खुट्की र ठूला परिमाणमा माछा पक्रन झिमार र छानी प्रयोग गरिन्थ्यो ।

नेपालमा बसोवास गरेका थारु समुदायलाई विहारको थारु संग्राहलयसंग जोड्न सके त्यसवाट नेपालको थारु समुदायले प्रयोग गर्ने सामग्रीको वारेमा परिचित हुने र पौरानीक सामग्रीहरुलाई संग्राहलय बनाएर संरक्षण गर्ने तर्फ प्रोत्साहन मिल्ने शर्माको भनाई छ ।

## स्कारपियोमा लुकाई राखेको हतियार सहित तीन पक्राउ

विराटनगर। मोरंग धनपालथान गाउँपालिका वडा नं. २ खैरबना टोलको सडकबाट शुक्रवार राती स्कारपियोमा लुकाई राखेको हतियार सहित तीन जना प्रहरीको फन्दामा परेको छ ।

सडकमा पार्किङ गरी राखेको स्कारपियोवाट २/३ जना मानिस बाहिर निष्की गफसफ गरेको अवस्थालाई देखेर स्थानीयले सोही टोलमा रहेको प्रहरीलाई तत्काल खवर गरेपछि प्रहरी आउन साथ खोजतला र सोधपुछ गर्दा स्कारपियामा सवार १०/११ जना मध्ये १ जनाले गाडीमा बम छ भनी हल्ला फैलाई ड्राईभर बाहेक सवै भागेको स्कारपियोमा रक्सीको काटुन समेत भेटिएको एक स्थानीयले वताए ।

प्रहरीले पार्किङ गरी राखेको बीआर ०६ पीए १३६२ नम्बरको सेतो रंगको स्कारपियोको चालक जिल्ला सर्लाही हरिपुर्वा नगरपालिका वडा नं.- ७ बस्ने वर्ष २७ को रबिन्द्र कुमार यादवलाई तत्काल नियन्त्रणमा लिएको थियो । स्कारपियो चेकजाँच गर्दा गाडीको ड्यासबोर्ड भित्र लुकाई छिपाई कालो कपडामा बेरी राखेको कटुवा पेस्टोल थान-१, पेस्तोलमा प्रयोग हुने गोली राउण्ड ३ समेत बरामद गरिएको थियो ।

गाडीमा सवार भई तत्काल फरार रहेका जिल्ला सर्लाही हरिपुर्वा नगरपालिका वडा नं.- ७ बस्ने वर्ष २० को कमलेश कुमार यादव र जिल्ला महोत्तरी गौसला नगरपालिका वडा नं.-६ बस्ने वर्ष २२ को राम दयाल यादवलाई जिल्ला मोरङ धनपालथान गाउँपालिका वडा नं.-३ दशगजाबाट शनिवारे ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको छ ।

स्कारपिया गाडी धनपालथान

वांकी अन्तिम पेजमा...

## करणीको आरोपमा नबालक सहित तीन पक्राउ

विराटनगर । एक महिलालाई जबरजस्ती करणी गरको आरोपमा एक जना नबालक सहित तीनजनालाई प्रहरीले पक्राउ गरका छन् ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले बिराटनगर महानगरपालिका वडा नं.३ बरगाँछी स्थित खुल्ला चौरमा असोज २७ गते जवरजस्ती करणी गरेको आरोपमा उनीहरुलाई पक्राउ गरकोको हो ।

पक्राउ पर्नेहरुमा जिल्ला धनुषा मिथिला नगरपालिका वडा नं.११ तुल्ही बस्ने बर्ष २० को बिनोद चौहान, बर्ष ४० को टेक बहादुर तामाङ र एक नाबालक समेत ३ जना रहेका छन् ।

मोरङ जिल्ला बस्ने बर्ष २५ की महिलाललाई जवरजस्ती करणी गरेको कसूरमा जिल्ला प्रहरी कार्यालय मोरङबाट जवरजस्ती करणी अन्तर्गत सम्मानित मोरङ जिल्ला अदालतबाट पक्राउ स्वीकृति लिई अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## थाकस विराटनगरले गर्ने कार्यक्रम वहिष्कार गर्ने निर्णय

विराटनगर । थारु कल्याण कारीणी सभा (थाकस) विराट नगरले विजया दशमी, तिहार (सुखराईत) र छठ पर्वको अवसरमा थारु विद्यार्थी दौड, थारु कर्मचारी पुरस्कार तथा सम्मान कार्यक्रम २०८० गर्ने घोषणा गरेपछि सो कार्यक्रमलाई थारु कल्याण कारीणी सभा ग्रामथान गाउँपालिका समितिले बहिष्कार गर्ने निर्णय गरका छन् ।

थारु कल्याण कारीणी सभा ग्रामथान गाउँपालिका समिति सभापति प्रेमलाल माझीको अध्यक्षतामा बसेको वृहत भेलाले विराटनगर-२ तीनपैनीमा कार्तिक १८ गते हुने कार्यक्रममा सहभागीता जनाउन निमन्त्रना आएता पनि सो कार्यक्रममा सहभागी पठाउन असमर्थ रहेको र समितिको तर्फवाट कार्यक्रमलाई बहिष्कार गरेको निर्णय पारित गरेका छन् ।

समितिल विजया दशमी, तिहार (सुखराईत) र छठ पर्वको अवसरमा सम्पुर्ण थारु जतिको सुख, शान्ति र समृद्धिको कामना समेत गरेका छन् ।

थारु कल्याणकारी सभा मोरंग जिल्लाको १० औं महाधिवेशन गर्न पुनितलाल चौधरीलाई प्रमुख निर्वाचन अधिकृत तोकिएकोमा अधिकृतले सभाको विधान २०७५ अनुसार विधानको परिच्छेद ७ को दफा ३१ मा १ सभापति समेत १५ देखि २१ सदस्य जिल्ला कार्य समिति हुनेछ भनी व्यवस्था हुँदा हुँदै पनि अध्यक्ष बाहेक निर्वाचन गर्न खोजेको भन्दै थाकस मोरंगमा विवाद हुँदै आएको छ ।

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
स्वास्थ्य र शान्तीका लागि वातावरण नेपाल
परिवार, प्रधान कार्यालय
विराटनगर-१०

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
सहमती बचत तथा ऋण सहकारी संस्था लि.
परिवार, प्रगती विनायक टोल
विराटनगर-८

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## कति...

११ घण्टा सुत्नुपर्छ। ७ घण्टा भन्दा कम र १२ घण्टा भन्दा बढीको निद्रा यिनीहरुका लागि स्वस्थ मानिएको छैन ।

किशोरकिशोरी (१४-१७ वर्ष) - किशोरकिशोरीहरुका लागि सुझाइएको निद्राको अवधि ८ देखि १० घण्टा हो। तर यिनीहरुले ११ घण्टाभन्दा बढी र ७ घण्टाभन्दा कम सुत्नु उपयुक्त नहुने अमेरिकी निद्रा फाउण्डेशनले जनाएको छ ।

युवा (१८-२५ बर्ष) - युवा उमेर समूहकाहरुले ७ देखि ९ घण्टा सुत्नु उपयुक्त हो। तर यिनीहरुले ६ घण्टा भन्दा कम र ११ घण्टा भन्दा बढी सुत्नु हुंदैन ।

वयस्क (२६-६४ बर्ष) - यो उमेर समूहका लागि सुझाइएको निद्राको अवधि युवाहरुको लागि जस्तै छ ।

बृद्ध (६५ बर्ष भन्दा माथि) - यो उमेर समूहका मानिसहरुका लागि दैनिक ७(८ घण्टाको निद्रा स्वस्थ मानिएको छ । तर यिनीहरुले ५ घण्टाभन्दा कम र ९ घण्टाभन्दा बढी सुत्नु स्वस्थ होइन ।

स्वस्थ निद्राको बानी

फाउण्डेशनका निद्रा विज्ञहरुले निद्रा सुधार्नका लागि केहि सुझावहरु पनि प्रकाशित गरेका छन्। उनीहरुका अनुसार निद्रालाई सबैले पहिलो प्राथमिकतामा राख्नु पर्छ ।

तिनीहरुले दिएका केहि सुझावहरु यस्ता छन

सुत्ने एउटा निश्चित समय बनाउनु पर्छ र त्यस्लाई सप्ताहान्तको छुट्टीको बेलामा पनि पालना गर्नु पर्छ।

सुत्नु अघि मनमष्तिष्क शान्त हुने अभ्यास गर्नु पर्छ ।

दैनिक कसरत गर्नु पर्छ ।

सुत्ने कोठाको तापक्रम, त्यहां बाहिरबाट आउने आवाज र प्रकाशलाई आफू अनुकुलको राख्नु पर्छ ।

आरामदायी विछ्यौना र तकियाको प्रयोग गर्नुपर्छ ।

मदिरा र क्याफेन जस्ता निद्रा विगार्ने पदार्थहरुको सेवन गर्नु हुंदैन ।

सुत्नुअघि विद्युतिय उपकरणहरु बन्द गर्नु पर्छ ।

## स्कारपियोमा...

कर्सिया बजारबाट दक्षिण खैरबना जानेवाटमा छिरेको थियो । सो बाटो सिधै भारतको सडकमा जोडिन्छ । तर हाल त्यो बाटो अवरोध रहेको कारण नेपालवाट अपराध गरी भारत छिर्न नसकि पक्राउ परेको स्थानीयको भनाई छ ।

इलाका प्रहरी कार्यालय रंगेलीका अनुसार कारपियो गाडीलाई नेपाल प्रहरी प्रहरी चौकी अमाहीबरियाती र सशस्त्र प्रहरी बल नेपालको प्रस्तावित सिमा सुरक्षा गुल्म सोराभागबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा भागेकाहरुको खोजी भई रहेको छ भने पक्राउ परेका ३ जनामा थप अनुसन्धान भई रहेको छ ।

# महान चाडपर्वको उपलक्ष्यमा शुभकामना आदान प्रदान

विराटनगर । महान चाड विजया दशमी, शुभ दीपावली, नेपाल सम्बत् ११४४ तथा छठ पर्व २०८० को शुभ अवसरमा मोरंग व्यापार संघले शुभकामना आदान प्रदान आयोजना गरेको थियो ।

शुभकामना आदान-प्रदान प्रदान कार्यक्रमका प्रमुख अतिथी कोशी प्रदेशका प्रदेश प्रमुख माननीय परशुराम खापुङ्गले महान चाड पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्बत् ११४४ तथा छठ पर्व २०८० को पर्वको शुभकामना दिदै मुलुकमा शान्ती सु-व्यवस्था कायम गरी मुलुकको समृद्धिका लागि राजनीतिक दल, संघसंस्था, लगायत सम्पुर्ण नेपाली लाग्नु पर्ने वताए ।

सोही अवसरमा नेकपा माओवादी केन्द्रका पूर्व मन्त्री एवम् संघिय सांसद अमनलाल मोदीले आफू जन्मिनु भन्दा पहिले देखि मोरंग व्यापारसंघले विजया दशमी, शुभ दीपावली, नेपाल सम्बत् ११४४ तथा छठ पर्व २०८० को शुभकाम अदान प्रदान कार्यक्रम गरी आफ्नो सुख दुःखका कुरा हर्सोउल्लासका साथ सट्टा-साट गर्ने भएकोले सो कुरालाई राजनीतिक दलहरुले गम्भीर रुपमा लिनु पर्ने भन्दै सम्पूर्ण नेपाली जनतामा सुख, शान्ति र समृद्धिका कामना गरेका थिए ।

त्यसैगरी सोही अवसरमा नेपाली कांग्रेसका केन्द्रिय सदस्य तथा कोशी प्रदेश सभा सदस्य माननीय अमृत अर्यालले भने कोशी प्रदेशमा रहेको अस्थीर राजनीति स्थिर तिर उन्मुख भएकोले सबै राजनीतिक दलहरु मनमुटाउ छोडेर एक भएर प्रदेशको समृद्धि तिर लाग्नु पर्ने भन्दै आम नेपाली जनतालाई विजया दशमी, शुभ दीपावली, नेपाल सम्बत् ११४४ तथा छठ पर्व २०८० को शुभकामना दिएका थिए ।

उक्त अवसरमा नेकपा एमाले नेता विनोद ढकाल, नेपाली कांग्रेस नेता एवम् पूर्व मन्त्री गयानन्द मण्डल, आन्तरिक राजश्व कार्यालय विराटनगरका प्रमुख कर अधिकृत डा. डि.वि. क्षेत्री, मोरङका प्रमुख जिल्ला अधिकारी विरेन्द्रकुमार यादव, कोशी प्रदेश प्रहरी कार्यालय प्रमुख डिआइजी राजेशनाथ बास्तोला, सशस्त्र प्रहरीका कोशी प्रदेश प्रमुख डिआइजी अञ्जनीकुमार पोखरेल, मोरङका प्रहरी प्रमुख एसपी दिपक पोखरेल, नेपाल उद्योग परिसंघ कोशी प्रदेशका वरिष्ठ उपाध्यक्ष तथा मोरङ व्यापार संघका निवर्तमान अध्यक्ष प्रकाश मुन्दडा, उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुराना, विराट व्यापार संघका अध्यक्ष नरेश खत्री लगायत संघका कार्यकारिणी समितिका पदाधिकारी र सदस्य सहित उद्योगी व्यवसायीहरू उच्च तह र तप्काका विशिष्ट व्यक्तिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य तथा मोरङ व्यापार संघका अध्यक्ष नविन रिजालले कार्यक्रममा सहभागी भएका प्रमुख अतिथी, अतिथिहरू लगायत उपस्थित भएका सवै महानुभावहरुलाई स्वागत गरेका थिए । रिजालकै अध्यक्षतामा महान चाड विजया दशमी, शुभ दीपावली, नेपाल सम्बत् ११४४ तथा छठ पर्व २०८० को शुभ अवसरमा मोरंग व्यापार संघले शुभकामना आदान प्रदान सम्पन्न भएको थियो ।

**सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं**

- सामाजिक सद्भावमा आच आउने वा अन्य पक्षलाई भड्काउने काम नगरौं,
- धार्मिक अस्था, विश्वा र संस्कृती माथि द्धेश फैलाउने नगरौं,
- सामाजिक मर्यादा विपरीतका कार्य गर्न उस्काउने वा प्रोत्साहन गने जस्ता कार्य नगरौ ।
- सामाजिक सद्भाव कायम गरौ, नीजी तथा सार्वजनिक जीवनमा हस्तर पर्ने गलत कार्य नगरौ ।
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सृजना गर्ने ।

जस्ता विषयबस्तु पोष्ट वा सेयर गर्नु हुँदैन । यस्ता कार्य कानुनत : दण्डनीइ हुन्छन् ।

नेपाल सरकार, विज्ञापन बोर्ड

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक [illegible]य शुभकामना व्यक्त ग[illegible]
क. गीता रानी महतो
प्रदेश सभा सदस्य, कोशी प्रदेश

**खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी**

**अति आवश्यक जानकारी**

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं ।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

**सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं**

**सामाजिक सञ्जालमा :**

- जातीय, धार्मिक र सम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातिय भेदभाव, छुवाछुत श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सृजना गर्ने ।

जस्ता विषयबस्तु पोष्ट वा सेयर गर्नु हुँदैन । यस्ता कार्य कानुनत : दण्डनीइ हुन्छन् ।

नेपाल सरकार, विज्ञापन बोर्ड

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

## सम्पादकीय

# मन्त्री विस्तारमा सकस

कोशी प्रदेशमा नेपाली कांग्रेसवाट विद्रोह गरेको ८ प्रदेश सभा सदस्य र एमोलेका ४० प्रदेश सभा सदस्यको समर्थनमा नेपाली कांग्रेसका नेता केदार कार्कीले मुख्य मन्त्रीमा नियुक्त भएका थिए। सोही वेला कार्कीले आफ्नो सपथलगत्तै एमालेका रामबहादुर मगर र काँग्रेसको विद्रोही समूहका शमशेर राईलाई विना विभागीय मन्त्री नियुक्त गरेका थिए। अहिले आएर मुख्य मन्त्री कार्की पुरानै गठवन्धनको इशारामा चलेकाले मन्त्री परिषद विस्तार गर्न सकस भएको छ। संविधानको धारा १६८ को उपधारा ५ अनुसार नेकपा एमालेसहितको समर्थनमा कोशी प्रदेशको मुख्यमन्त्री भएका केदार कार्कीमाथि मन्त्रिपरिषद् विस्तार गर्न एमालेले दबाब बढाएको छ भने कार्की आलटाल गरी रहेको छ।

कार्कीले विश्वासको मत लिदा राष्ट्र प्रजातन्त्र पार्टी बाहेकका सवै दलले विश्वासको मत दिएको छ। कार्कीले सरकार विस्तारमा एमालेलाई सामले गराउने कि गठबन्धनलाई भन्ने निर्णय अझै सार्वजनिक गर्न सकेको छैन। नेकपा एमालेले आफ्नो समर्थनमा कार्की मुख्यमन्त्री नियुक्त भएकोले एमाले र उनलाई समर्थन गर्ने काँग्रेस सांसदहरु मात्र सरकार सहभागी हुनुपर्ने जिकिर गर्दै आएको छ। उत्ता कार्की मुख्यमन्त्री नियुक्त हुनु अगाडि नै गठबन्धनले उनलाई स्वीकार गरेर गठबन्धनकै सरकार बनाउने निर्णय गरिसकेको छ भने डा.शेखर कोइरालाले पनि गठबन्धन बलियो बनाउने सहमतिमा हस्ताक्षर नै गरिसकेकोले मुख्यमन्त्री कार्की दबाबमा छन्।

एमालेले भने गठबन्धनका माओवादीसहितका दल सरकारमा सहभागी भए सरकारबाट बाहिरिने चेतावनी दिँदै आएको छ। एमालेले पाचकर्ण राई, एकराज कार्की र लिलाबल्लभ अधिकारीलाई मन्त्री तथा सिर्जना राई, रामप्रसाद मेहता र निरन राईलाई तत्काल राज्यमन्त्री नियुक्त गर्दा दबाब दिइरहेको छ भने मुख्य मन्त्रीले दशै पर्वको वहानामा शुभकामना अदान प्रदान कार्यक्रममा व्यस्त भएको वहाना देखाउँदै आएको छ। मुख्य मन्त्री कार्कीले काँग्रेसवाट विद्रोह गरी एमालेसंग गरिएको भद्र सहमती अनुसार अगाडी बढ्नु पर्छ। एमालेलाई घोका दिएर फेरी पनि पुरानै गठवन्धनमा फर्किए फेरीपनि प्रदेशसभामा काम भन्दा किचोला बढी नहोला भन्न सकिन्न।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# दशैं जनजाति विरोधी चाड हो ?

मोहन तिम्सिना

जब दशैं आउँछ, केही प्रश्न पनि लिएर आउँछ। दशैं कसको चाड हो ? आर्यहरूको कि जनजातिको पनि ? के जनजातिले दशैं मनाउन हुन्छ ? हरेक वर्ष यस्ता प्रश्नमा मानिसहरू पक्ष-विपक्षमा विभाजित हुन्छन्। कोही दशैं हिन्दुको मात्र चाड हो भन्दछन्। कोही सम्पूर्ण नेपालीको महान चाड हो भन्छन्। कोही जनजाति विरोधी चाड हो पनि भन्दछन्। जब दशैं सकिन्छ, एक वर्षका लागि विवाद पनि हराउँछ।

२०४६ सालको बहुदल पछिका दिनमा बर्सेनि यो प्रक्रिया चलिरहेको छ। केही कम्युनिष्ट र जनजाति नेताहरूले दशैं आर्यहरूको चाड हो भनिदिए। कसैले दशैं रुढीवादी संस्कृति हो भनिदिए। कसैले किसानको चाड हो भनिदिए। कसैले शासकहरूको चाड पनि भनिदिए। यसैबाट प्रभावित भएर केही जनजाति नेताहरूले दशैं बहिस्कारको घोषणा गरे। आजसम्म पनि यो विवाद कायम छ।

चाडबाड मनाउने प्रक्रियामा विगतमा राज्यले भेदभाव गरेको कुरा सत्य हो। दशैंलाई जनजातिका चाडभन्दा बढी महत्व दिइयो। कर्मचारीलाई सेवा सुविधा र पुरस्कार बाँड्ने समय पनि दशैंलाई नै छानियो। जनजातिका चाडमा त्यस्तो केही व्यवस्था गरिएन। यसकारण जनजातिहरू लाई दशैं शासकहरूको चाड पो हो कि भन्ने लाग्नु स्वभाविक हो।

यद्यपि दशैंको धार्मिक अर्थ शासकीय स्वार्थ र आर्य-अनार्य भेदभन्दा पर छ। दशैंको धार्मिक विधान र दशैं सम्बन्धी राज्यको नीति विलकुलै फरक विषय हो। यी दुई विषयलाई फरक अर्थमा बुझ्दा मात्र दशैंबारे सही बुझाइ बन्दछ।

दशैंबारे जे विवाद झिकिएको छ, सबै यान्त्रिक विश्वदृष्टिकोणको रोगले ग्रस्त मानिसका कारणले हो। हाम्रा चाडबाडलाई बुझ्न हामीले हाम्रै सभ्यताको विज्ञानलाई बुझ्न जरुरी छ।

तर हाम्रा नेता र विद्वानहरू पाश्चात्य यान्त्रिक ज्ञानको लहैलहैमा लागेका छन्। जसका कारण चाडबाड र संस्कृति सम्बन्धी उनीहरूका कुरा भ्रमपूर्ण र विभाजनमुखी भइरहेका छन्। यही कारण पहिचान आन्दोलन पनि दिग्भ्रमित भएको छ।

देवी बिम्ब

प्रकृतिलाई कस्तो बिम्बमा हेर्ने ? शास्त्रीय (पुरानो) विज्ञानले 'निर्जीव यन्त्र' बिम्बमा हेर्न जोड गर्यो। प्राचीन योगीहरूले स्त्री (देवी) बिम्बमा हेर्न जोड दिए। तीन सय वर्षको खोज पश्चात् आधुनिक विज्ञानले पनि हिजो आज प्रकृतिका लागि 'देवीबिम्ब' नै प्रयोग गर्न थालेको छ।

जोन लभलक नामका वैज्ञानिकले मंगल ग्रहमा जीवनको खोज गर्ने यानको डिजाइन गर्ने क्रममा सर्वप्रथम प्रकृतिको यो गहिरो रहस्य थाहा पाए। उनले नै प्रकृतिलाई 'देवीबिम्ब'मा हेर्न सुझाव दिए। लभलकको देवीबिम्बलाई 'गायाहाइपोथेसिस'भनिएको छ। जुन गाया (ब्रम्हाण्ड देवी) नामको प्राचीन ग्रीक मिथकबाट लिइएको हो।

प्रकृतिका स्वभावको सतही ज्ञानले 'यान्त्रिक बिम्ब' पैदा गर्दछ। जसले प्रकृतिका स्वभावको सुक्ष्म नियम थाहा पाउँछ उसले मात्र 'देवीबिम्ब' स्वीकार गर्दछ। प्राचीनकालका योगीहरूले प्रकृतिको सुक्ष्म नियम थाहा पाएको हुनाले उनीहरूले 'देवीबिम्ब'निर्माण गरेका हुन्।

दशैंसँग जोडिएको धार्मिक विधान मूलतः यही 'देवीबिम्ब' को महिमागानसँग सम्बन्धित छ। यस अन्तरगत नौ दिनसम्म नौ प्रकारका देवीको पूजा गर्ने र दशौं दिन'विजय'को टीका लगाउने चलन छ। विजयको अर्थ हाम्रा नेताहरूले अर्थ लगाएजस्तो होइन।

देवी पूजा गर्नुको अर्थ कुनै अलौकिक देवीलाई पूजा गर्दा ती खुशी हुन्छिन् र आशिर्वाद दिन्छिन् भन्ने होइन। यसको अर्थ प्रकृतिका सुक्ष्म नियमको अनुसरण हो। मानिसको शरीर पनि प्रकृति नै हो। त्यसकारण देवी पूजाको परम्पराभित्र भौतिक शास्त्र, जीव शास्त्रदेखि मनोविज्ञानसम्मका सुक्ष्म नियम संग्रहित छन्।

दशैंको धार्मिक विधानले हामीलाई मूलतः बाह्य प्रकृति र आफ्नै शरीरका सुक्ष्म नियम बुझ्न र जीवनलाई मौलिक ( जैविक) बनाउन मार्गदर्शन गर्दछन्। दशैंसँग जोडिएका कथामा प्रकृतिका तीनै सुक्ष्म स्वभाव (नियम) को खेल देखाइएको छ।

प्रकृतिको महिमा

प्रकृतिलाई अनेक आयाममा हेर्न सकिन्छ। यीमध्ये एकत्व, द्वैत, त्रेत, चौथाइ, पञ्चम र अष्टआयामको आ-आफ्नै महत्व छ। त्रेत आयाममा हेर्दा प्रकृतिमा तीन गुण देख्न देखिन्छ- सत्व, राजस र तमस। यसैलाई विज्ञानले क्रमशः न्यूट्रोन, इलेक्ट्रोन र प्रोटोन भनेको छ।

सत्व भनेको हलुकोपना, अन्तरसम्बद्धता हो। व्यक्तिको लागि सत्व भनेको ज्ञानशीलता र सकारात्मक सोचको गुण हो। राजस भनेको सक्रियता, गतिशीलता हो। व्यक्तिको लागि राजस भनेको जोश र पराक्रम हो। तमस भनेको भौतिकता वा गह्रुँगोपना हो। व्यक्तिको लागि तमस भनेको जडता, स्वीकार्यता, निष्क्रियता आदि हो।

योगीहरूले प्रकृतिको त्रेत गुणलाई अनेक प्रकारले व्यक्त गर्ने प्रयास गरेका छन्। ब्रम्हाण्डीय तहमा चन्द्रमा, सूर्य र पृथ्वीलाई क्रमशः सत्व, राजस र तमसको बिम्बमा देखाइएको छ। पृथ्वीको तहमा यही त्रेत गुणलाई तीन खालका देवीको बिम्बमा देखाइएको छ।

सरस्वती, लक्ष्मी र दुर्गालाई क्रमशः सत्व, राजस र तमसको बिम्बमा देखाइएको छ। यी प्रत्येकलाई पनि तीन खण्ड पारेर नवदेवीका नौ बिम्ब सिर्जना गरिएको छ। नवरात्रमा यिनै नौखाले प्रकृति (देवी) को महिमा गाइन्छ। पहिलो तीन दिन तमस प्रकृति ( दुर्गा), दोस्रो तीन दिन राजस प्रकृति (लक्ष्मी) र तेस्रो तीन दिन सत्व प्रकृति (सरस्वती) को महिमा ( नियम) गाइन्छ।

हाम्रो साधारण बुद्धिलाई लाग्न सक्छ- तामस र रजसभन्दा सत्व गुण चाहिँ गतिलो होला। तर योगीहरू यसो भन्दैनन्। उनीहरू भन्दछन्- व्यक्तिमा सत्वको गुण प्रवल हुनु कुनै उत्कृष्टताको परिचायक होइन। कारण, नकार विनाको सकार हुँदैन। सकारले नै नकारलाई निम्तो दिन्छ। प्रकृतिमा कुनै गुण गतिलो र कुनै कमजोर भन्ने नै हुँदैन। प्रकृतिका त्रेत गुण परिपूरक, अविभाज्य छन् र आपसमा रूपान्तरण हुन्छन्।

प्रकृतिका सम्बन्धमा योगीहरू को अर्को अनौठो संश्लेषण छ- यथार्थ भनेको भौतिकमात्र हुँदैन, अभौतिक पनि हुन्छ। संसारमा भौतिकता र अभौतिकता पनि परिपूरक छन्। यसमध्ये अभौतिकता चाहिँ मूल हो। भौतिकता, अभौतिकताको छाया मात्र हो।

धर्मपन्थका आ-आफ्ना स्वायत्त मार्ग हुन्छन्। भक्ति योगमा मूर्ति पूजाको छुट्टै महत्व हुन्छ, जुन अन्य मार्गमा हुँदैन। धर्मपन्थमा यस्ता भेद अवश्य छन्। तैपनि मूलभूत निष्कर्षमा यहाँका धर्मपन्थहरू एकै ठाउँमा छन्। मातृभूमिको अवधारणा नै त्यो एकताको सूत्र हो। जसले यहाँका सबैखाले समुदायलाई मौलिक र सहिष्णु बनाएको छ।

यो संश्लेषणलाई आजको आधुनिक विज्ञानले पनि स्वीकार गरेको छ। योगीहरू अझ अगाडि बढेर भन्छन्- गुण जुनसुकै होस्, त्यो भौतिक नै हुन्छ। यदि व्यक्तिको चेतना गुणावस्थामा नै चक्कर लगाइरहेको छ भने त्यही नै अज्ञानता वा बन्धन हो। मानिसलाई प्रकृतिले सचेतन प्रयत्न गर्न सक्ने क्षमता दिएको छ, जुन क्षमता सदुपयोग गरेर मानिसले आफ्नो चेतनालाई भौतिकताबाट अभौतिकतातर्फ रूपान्तरण गर्न सक्छ।

यदि व्यक्तिले आफूभित्रको भौतिक गुणको सन्तुलन मिलाउन सक्यो भने ऊ भौतिकताबाट अभौतिकताको परम अवस्थासम्म पुग्न सक्छ। गुणबाट निर्गुणतर्फ फड्को हान्न सक्छ। मोक्ष, निर्वाण, कैवल्य (मुक्ति)सम्म पुग्न सक्छ। यसो गर्दा मात्र व्यक्तिको जीवन सार्थक हुन्छ। यहीमात्र वास्तविक विजय हो।

ठीक यही अर्थमा दशौं दिनलाई 'विजया दशमी' भनिएको छ। विजया दशमीको अर्थ कुनै सांसारिक लडाइमा प्राप्त भएको विजय होइन। यो त आफ्नै भौतिक प्रकृति (बन्धन) बाट मुक्तिको संकेत हो। देवी र दानव होस् वा राम र रावणको कथा, सबैले व्यक्ति र प्रकृतिको यही सुक्ष्म नियमको महिमा गाउँछन्।

समानता-भिन्नता

पछिल्ला पुरातात्विक उत्खननले भन्दछन्- देवी पूजनको परम्परा सुदूर इतिहासमा पूरै विश्वभर प्रचलित थियो। तर यस पछाडिको कार्य-कारण सम्बन्धमा भने खोजकर्ताहरू आजसम्म पनि स्पष्ट र एकमत छैनन्। वास्तविकतामा देवी पूजनको वैश्विक परम्परा हिमाली सभ्यताको देन थियो। जुन तपश्चर्याको विज्ञानमा आधारित थियो।

संसारमा जति पनि धर्मपन्थ

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

# कानेपोखरी गाउँपालिको सुकुम्बासी समस्या समाधानको लागि ज्ञापनपत्र



विराटनग । मोरङको कानेपोखरीमा गाउँपालिकाभित्र रहेका सुकुमबासीहरूको समस्या समाधान गरिनुपर्ने माग राख्दै अखिल नेपाल सुकुमबासी संघले पालिकाकामा ज्ञापन पत्र बुझाएको छ ।

माओवादी निकट सकुमबासी संघले ६ बुँद्धे माग राख्दै कानेपोखरी गाउँपालिकाका अध्यक्ष राजमति इङ्नामलाई ज्ञापन पत्र बुझाएको हो ।

ज्ञापन पत्रमा धैरै सुकुम्वासीहरू विभिन्नकारणले अनुसूचीका फाराम भर्न छुटेको पाइएकोले पुन: आवेदन दर्ताको म्याद थप गरिनुपर्ने, संघीय सरकारले समय अवधि तोकी गठन गरिएको भूमि आयोगले फिल्डमा कार्यारम्भ गरे पनि सन्तोषजनक कार्य प्रगति नभएको हुँदा कारणहरूको पहिचान गरी आवश्यक कर्मचारी तथा उपकरणहरूको व्यवस्थापन गरी सबै वडाहरूमा एक साथ नापी कार्य गराउने व्यवस्था मिलाउनुपर्ने माग राखिएको छ ।

त्यसैगरी भूमि आयोगले पूर्जा वितरण गर्दा लिइने सरकारी राजश्व अधिक भएकोले उक्त राजश्व सुकुमबासीहरूको पक्षमा नरहेको हुँदा कम भन्दा कम राजश्व लिई पूर्जा वितरण गरिनुपर्ने, खप्टिएका जग्गा भोग र नक्सा नमिलेका जग्गाको बारे पुन: नापी नक्सा गर्न र फिल्ड बुक भएका अधुरा काम अन्तरगतका जोत भोग प्रमाणित गरी पूर्जा पाउने व्यवस्था तत्काल मिलाउनुपर्ने, नदी किनारा, सडक पेटी, नहरको डिल जस्ता जोखिम युक्त स्थानमा बसोबास गर्ने भूमिहीन सुकुमबासीहरूका लागि मौलिक हक सुनिश्चित गरिएको हुँदा वैकल्पिक उचित बसोबासको व्यवस्था गरी मौलिक हक अधिकारको सुनिश्चित गरिनुपर्ने माग राखिएको छ ।

कानेपोखरी गाउँपालिकाले सुकुमबासी समस्या सम्बन्धी कार्यप्रगति विवरणको आर्थिक खर्च विवरण हेर्न पाउने व्यवस्था गरी नागरिक सूचनाको हकलाई सुनिश्चित गरिनुपर्ने ज्ञापन पत्रमा उल्लेख छ ।

सुकुमबासीको समस्याको निवारण गर्न र सुकुम्वासीहरूको हकहितलाई स्थापित गर्न भन्दै अखिल नेपाल सुकुम्वासी सङ्घ कानेपोखरी गत असोज १७ गते गठन भएको छ । ज्ञापन पत्रमा संघका कानेपोखरी अध्यक्ष अजय बुलुङ राई र सचिव भुपेन्द्र कुमार लिम्बूले हस्ताक्षर गरेका छन् । ज्ञापनपत्र बुझाउन दर्जनौं सुकुमबासीहरु गाउँपालिकाको कार्यालय पुगेका थिए ।

# भित्री वस्त्र लगाए वापत पचास हजार तलब

भनिन्छ कुनैपनि काम तथा जागिर सजिलो हुँदैन र पैसा कमाउनका लागि मेहेनत त गर्नैपर्छ । तर हालै एउटा कम्पनीले यस्तो जागिरका लागि आवेदन खुलायो जसमा वास्तविक रुपमा कुनै कामै गर्न पर्दैन । यो जागिरमा एउटा काम भनेकै केवल भित्री वस्त्र लगाउनु हो ।

उसै पनि गज्जब गज्जबका ब्राण्डेड भिस्त्री वस्त्रहरु सित्तैमा लगाउनु पाउनु र लगाइदिएबापत मोटो रकम तलब पाउने जागिर जो कोहीले कल्पना पनि गर्न सक्दैन । तर स्विमवेयर तथा भित्री वस्त्र उत्पादक कम्पनी पोर मोइले यही जागिरका लागि उपयुक्त उम्मेदवारको खोजी गरिरहेको छ ।

यो हेमन्त ऋतुका लागि कम्पनीले कोजी कोअर्डिनेटर पदका लागि विज्ञापन खुलाएको छ । यो पदका लागि आवेदन गर्न चाहनेले केही योग्यता पूरा गर्नुपर्नेछ र उसका केही परिभाषित कामहरु हुनेछन् ।

उम्मेदवारको लागि चाहिने योग्यताहरुमा उसलाई हेमन्त ऋतुको मौसम मन पर्नु पर्छ । साथै कम्पनीले उत्पादन गरेका भित्री वस्त्रहरु आफैले लगाएर त्यसको गुणस्तर र आरामदायीपना परीक्षण गर्नुपर्दछ ।

यस्ता भित्री वस्त्रहरु लगाएर विभिन्न कार्यक्रमहरुमा सहभागी भई कम्पनीका ती वस्त्रहरुको प्रचार गर्ने जिम्मा पनि कोजी कोअर्डिनेटरको हुनेछ ।

तारविहीन ब्रादेखि सुपर सफ्ट पेन्टी र कटन टिसर्ट ब्रा लगायतका आफ्ना उत्पादनलाई आफैले लगाएर परीक्षण गरिदिने कर्मचारीको खोजी पोर मोई कम्पनीले गरिरहेको छ । यसमा छनोट हुनेले हर बखत नै कम्पनीका भित्री वस्त्र लगाउनु पर्नेछ चाहे सिजनल हट ड्रिंक्सको चुस्की लिइरहेको बेलामा होस् वा टेलिभिजन हेर्दै अनि पुस्तक पढ्दै गरेको बेलामा किन नहोस् ।

यसरी आफैंले लगाएर परीक्षण गरेपछि ती वस्त्रहरु फिर्ता नगरी आफैंले प्रयोग गर्न सकिन्छ । आफैंले लगाएर भित्री वस्त्र टेष्ट गरी नोभेम्बर ३० सम्ममा उपयुक्त र वास्तविक समीक्षा गरिदिएबापत कम्पनीले ३ सय पाउण्ड अर्थात् करिब साढे ४८ हजार रुपैयाँ पुरस्कार दिनेछ । यसका लागि कम्पनीले विश्वव्यापी रुपमा आवेदन गरेको छ र कम्पनीको वेबसाइटमा गएर आवेदन गर्न सकिन्छ ।


हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

ओमकार प्रसाद न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत | भूमा पराजुली, उपमेयर | दिलीप कुमार अग्रवाल, मेयर

रंगेली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल



हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

रुद्र प्रसाद दुलाल, प्रमुख प्रशासकीय अधिकृत | मिरादेवी दास केवरत, उपनगर प्रमुख | श्याम प्रसाद राजवंशी, नगर प्रमुख

सुनवर्षी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल



हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

राजकुमार केसी, प्रमुख प्रशासकीय अधिकृत | मेनुका पोखरेल खतिवडा, उपमेयर | वेद नारायण गच्छदार, मेयर

दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, कोशी प्रदेश, नेपाल



हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

अग्नी प्रसाद अधिकारी, प्रमुख प्रशासकीय अधिकृत | विनीता कुमारी मेहता, उपमेयर | केदार भण्डारी, मेयर

इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, कोशी प्रदेश, नेपाल

# मेरिल्याण्ड एकेडेमीका अध्ययनरत शालु सर्वोत्कृष्ट

विराटनगर । नेपाल चार्टर्स एकाउन्टेन्सी संस्था (आईक्यान) ले हालै प्रकाशित चार्टर्स एकाउन्टेन्सी (सीए) को नतिजामा विराटनगर स्थित मेरिल्याण्ड करिअर एकेडेमीमा अध्ययनरत छात्रा विराटनगरकी शालु अग्रवाल बोर्ड फस्ट (सर्वोत्कृष्ट) भएकी छन् ।

अग्रवाल अन्तिम वर्ष (क्याप ३) को परीक्षाको नतिजा आएसँगै उनी सर्वोत्कृष्ट (बोर्ड फस्ट) भएको जानकारी कलेजले गराएको हो ।

आईक्यानले प्रकाशित गरेको नतिजामा ३७ जनाले सीए उत्तीर्ण गरेकोमा उनीहरु मध्ये शालुको प्राताङ्क सबैभन्दा बढी छ । आईक्यानको माघमा हुने वार्षिकोत्सवमा सीएमा सर्वोत्कृष्ट हुनेलाई स्वर्ण पदकसहित सम्मान गर्ने छ ।

आईक्यानले सीएको तीन वटा क्यापमा पहिलोको नतिजासँगै उत्कृष्ट १० को नाम सार्वजनिक रुपमा प्रकाशन गर्दै आएको छ । दोस्रो र तेस्रोको नतिजामा उत्कृष्ट १० को नाम प्रकाशन नगर्ने गरेको



आईक्यानका पूर्व सदस्य डा. मोहन सुवेदीले जानकारी दिए ।

मेरिल्याण्ड करिअर एकेडमीले शालुलाई आइतबार सम्मान गरेको छ । कार्यत्रममा एकेडेमीका अध्यक्ष डा मोहन सुवेदी, सञ्चालकहरु प्राडा प्रमोदकुमार झा, प्राडा जीवनकुमार ढकाल, सीए अश्विनी बंशल, डा मनोज गुप्ता, प्रदिप भगत, कुलमणि तिम्सिना लगायतले सर्वोत्कृष्ट भएकी शालुलाई सम्मान गरेका थिए ।

कार्यक्रममा प्राडा झाले शालु अग्रवाल नेपाल प्रथम भएकोमा बधाई दिंदै सीएलाई विश्वका सबै देशले उत्तिकै सम्मान गर्ने भएकोले विश्व नागरिक भएको बताए । डा सुवेदीले सीए अध्ययन गर्ने विद्यार्थीहरु धेरै भीडभाड हुने नभएको जनाउँदै उनले मेरिल्याण्ड करिअर एकेडेमीमा दुई सयको हाराहारीमा मात्र सीए अध्ययनरत विद्यार्थी भएको बताए । काठमाडौं उपत्यका बाहिर विराटनगरले नै पहिलो पटक सीए अध्ययन सुरु गरेको र निरन्तर बोर्डको सूचीमा मात्र नभएर बोर्ड फस्ट नै ल्याउनुले कोशी प्रदेशकै गौरव बढेको महसुस भएको डा सुवेदीले बताए । एकेडेमीले एसीसीए अध्यापनका लागि स्वीकृति लिइ सकेकोले चाँडै सुरुवात गर्ने तयारी गरिरहेको उनले बताए ।

सो अवसरमा एफसीए अश्विनी बंशल, सीए सुरज तिम्सिना, सीए युवराज उप्रेती, सीए अस्मिता अधिकारी, एकेडेमीका सञ्चालक विनयविष्णु केसी, सर्वोत्कृष्ट विद्यार्थी शालु अग्रवाल, सीएका विद्यार्थी राहुल अग्रवाल लगायतले मन्तव्य राखेका थिए । एकेडेमीका कार्यक्रम संयोजक सीए किञ्जल पोखरेलको संयोजकत्वमा कार्यक्रम सम्पन्न भएको थियो ।

एकेडेमीका विद्यार्थीद्वय युवराज उप्रेती र बैशाली ठाकुरलाई पनि सीए उत्तीर्ण गरेको भन्दै गत वर्ष पनि यसैगरी सम्मान गरिएको थियो । सोही अवसरमा दशैं, तिहार र छठ पर्वको शुभकामनासमेत आदानप्रदान गरिएको थियो ।

# दलित महिला पहुँचको लागि मिडियासँग अन्तरक्रिया

विराटनगर । 'समग्र विकासको अवरोध, जातीय तथा लैङ्गिक विभेद' नाराका साथ दलित महिला संघ (फेडो) ले समाजिक न्याय तथा विकास प्रक्रियामा दलित महिलाको पहुँच अभिवृद्धिका लागि मिडिया कर्मीहरुसँग अन्तरक्रिया गरको छ ।

नेपाल पत्रकार महासँघ मोरंगको सभा हलमा मुलुकमा देखिएको महिला माथिको विभेद त्यसमा पनि दलित महिलामाथि भएको विभेदलाई अन्त गरी कसरी दलित महिलालाई समाजिक न्याय र विकास प्रकृयामा समान सहभागीता गराउन मिडिया कर्मीहरुले दलित महिलाको समस्याहरु र राज्यले गरेको विभेदको वारेमा कलम चलाई दिन आग्रह गरेका छन् ।

अहिले दलित महिलाको लागि संविधानले गरेको व्यवस्था अनुसार सहभागिता गराएता पनि व्यवहारमा सो कुरा नदेखिएको दलित महिला उत्थानको लागि संघिय, प्रदेश र स्थानीयत तहले व्यवस्था गरेपनि त्यो बजेट अन्यले उपभोग गरको एक सहभागीले वताए ।

संघिय, प्रदेश र स्थानीयत तहले व्यवस्था गरेको बजेटमा दलित महिला मात्र कोड नगरी अन्य महिलालाई समेत समावेश गरेकाले दलित महिलाहरुको उत्थानको कार्यक्रम हुन नसकेको हो । त्यसैले दलित महिलाको मानव विकासको लागि शिक्षा, स्वास्थ्य, भौतिक निर्माण, योजना छनौट लगायतमा दलित महिलाको सहभागीता हुने पर्ने सहभागीहरुको भनाई थियो ।

अहिले मुलुकमा सबभन्दा थिचिएको दलत, त्यसपछि जनजाती, क्षेत्री रहेको छ भने सबैलाई बाहुनले थिचिएको चित्र समेत प्रोजेक्टरमा देखाएका थिए । सो कार्यक्रम दलित महिला संघ (फेडो) मोरंगका अध्यक्ष शर्मिला परियारको अध्यक्षतामा भएको थियो ।




हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

गिरीराज भट्टराई, प्रमुख प्रशासकीय अधिकृत | अमृता कुमारी गच्छदार, उपाध्यक्ष | जित नारायण थापा मगर, अध्यक्ष

बुढीगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग, कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

श्री नारायण प्रसाद भूजेल, प्रमुख प्रशासकीय अधिकृत | श्री मनमाया मगर, उपाध्यक्ष | श्री सुमन मिरिङचिङ, अध्यक्ष

केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

विष्णु कुमार थेगुवा, प्रमुख प्रशासकीय अधिकृत | भोला प्रसाद अधिकारी, उपाध्यक्ष | राजमति इङ्गनाम, अध्यक्ष

कानेपोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

अभय कुमार गुप्ता, प्रमुख प्रशासकीय अधिकृत | दिनेश पौडेल, उपाध्यक्ष | बबि कुमार राई, अध्यक्ष

मिक्लाजुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

## दशैं...

छन्, सबैको उद्गमस्थल हिमालय पर्वतीय सभ्यतालाई नै मानिएको छ। इतिहासको लामो कालखण्डमा पटक-पटक अनेक प्रकारका मूर्ति पूजा विरोधी आन्दोलन भए। यस्तो आन्दोलनका क्रममा देवीका मूर्तिमात्र नष्ट भएनन्। यसका पछाडिको सुक्ष्म विश्व दृष्टिकोण पनि नष्ट भयो।

यसले संसारका धर्मपन्थलाई दुई भागमा विभाजित गरिदियो। एक खालका धर्मपन्थ यस्ता भए, जसमा तपश्चर्या र देवी पूजनको परम्परा लोप भयो। यिनीहरू 'प्रार्थनाको पद्धति' र स्वर्ग-नर्कको अवधारणामा सीमित भए। धर्तीलाई 'पितृभूमि' भन्न थाले। यिनीहरूलाई आज क्रमश: यहुदी, इसाई र इस्लाम नामले चिनिन्छ।

अर्को खालका धर्मपन्थहरूले तपश्चर्याको पद्धति, देवी पूजनको परम्परा र निर्वाण/मोक्षको अवधारणालाई निरन्तरता दिए। धर्तीलाई 'मातृभूमि' भने। यिनीहरूलाई आज वैदिक, बौद्ध, जैन, बोन, ताओ, मुन्धुम आदि नामले चिनिन्छ।

विश्वमा प्रचलित धर्मपन्थहरूमा भेद छ भने यही आधारभूत भेद हो। नत्र धर्मपन्थ भित्रको भेद भाषाको भेद मात्र हो। जुन धर्मपन्थले धर्तीलाई मातृभूमि मान्दछन्, तिनीहरू बीचमा स्वत: साइनो जोडिन्छ। मातृभूमि मान्नेबित्तिकै देवी पूजन (प्रकृति पूजन) संस्कृति जोडिएरै आउँछ।

मुन्धुम जस्ता धर्मपन्थमा दशैंको विधान नहोला, तर प्रकृति पूजनको परम्परा अवश्य छ। यस अर्थमा वैदिक (हिन्दू) र मुन्धुम लगायत हिमाली सभ्यताका सबै धर्मपन्थ समान छन्। प्रकृतिप्रतिको सबैको बोध एउटै छ। सबैले धर्तीलाई मातृभूमि नै भन्दछन्। यसकारण दशैंको धार्मिक विधान गैरहिन्दूको विरोधमा छैन।

धर्मपन्थका आ-आफ्ना स्वायत्त मार्ग हुन्छन्। भक्ति योगमा मूर्ति पूजाको छुट्टै महत्व हुन्छ, जुन अन्य मार्गमा हुँदैन। धर्मपन्थमा यस्ता भेद अवश्य छन्। तैपनि मूलभूत निष्कर्षमा यहाँका धर्मपन्थहरू एकै ठाउँमा छन्। मातृभूमिको अवधारणा नै त्यो एकताको सूत्र हो। जसले यहाँका सबैखाले समुदायलाई मौलिक र सहिष्णु बनाएको छ।

अपव्याख्या

प्रचलित समाज शास्त्रले भन्छ- इतिहास, असभ्यता-बर्बरता-सभ्यताको एकल रेखीय प्रक्रियाबाट यहाँसम्म आएको हो। १२ हजार वर्ष अघिसम्म मानिस असभ्य र जंगली थिए। अलि-अलि गर्दै सभ्य भएका हुन्।

यिनीहरू धर्मलाई अन्धविश्वास र भयको उपज ठान्छन्। उनीहरूको विचारमा प्राकृतिक घटनाबाट डराएर 'जंगली मानिस'ले प्रकृतिप्रति बिन्तिभाउ गर्न थाल्यो। यही प्रक्रियाबाट धर्म जन्मियो।

दशैंको नाममा विगतमा भएको भेद र दमन राजनीतिका कारणले हो, धर्मका कारणले होइन। यसकारण दशैं स्वयंलाई जनजाति विरोधी चाड भन्नु उपयुक्त हुन्न।

यस खालको शिक्षा ग्रहण गरेका विद्वानले देवी पूजालाई अन्धविश्वास ठान्नु स्वाभाविक हो। यद्यपि यो बुझाइ स्वयंमा झुट र अन्धविश्वास हो। भयबाट विज्ञान कहिल्यै पैदा हुँदैन। विषयप्रतिको प्रेम र होसपूर्ण खोजबाट मात्र पैदा हुन्छ।

यथार्थ के हो भने, इतिहास एकल रेखीय थिएन, छैन। यो बहुआयामिक छ। यही बहुआयामिकताभित्र इतिहासको खास क्षणमा प्रकृतिका सूक्ष्म नियम बोध गरेका खास मानिस जन्मिए।

उनीहरूको प्रकृतिप्रतिको प्रेम र होसपूर्ण खोजले नै धर्म (विज्ञान) जन्मियो। धर्मले बिम्ब, प्रतीक र काव्यको भाषामा प्रकृतिको सूक्ष्म नियम बुझाउने प्रयास गर्यो। यसै क्रममा अनेक कथा, कहानी र कर्मकाण्ड रचना गरिए। यसै अन्तरगत देवी पूजनको परम्परा बसाइयो। कालान्तरमा यसैले चाड (संस्कृति) को रूप लियो।

तर यान्त्रिक ज्ञानवाला विद्वानले यो तथ्य बुझ्न सकेनन्। त्यसैले देवी र दानवका कथालाई हचुवामा आर्य-अनार्य लडाइँ भनिदिए। जनजाति नेताले त्यही कुरो पत्याए। तब दशैं जनजाति विरोधी चाड हो भन्ने हौवा फैलाइयो।

इतिहास र धर्म सम्बन्धी प्रचलित समाजशास्त्रीय निष्कर्ष नै गलत छन्। समाजशास्त्रका प्रचलित सिद्धान्त व्यक्ति र प्रकृतिको सूक्ष्म गहिराइमा प्रवेश गरेकै छैनन्। त्यसकारण इतिहास र धर्मबारे गलत भाष्य तयार भएको छ।

हाम्रा नेता र विद्वानहरू यस्तै गलत भाष्यलाई सर्वोपरी मानेर हिंडेका छन्। त्यसकारण उनीहरू मुन्धुमी र वैदिकबीच अनावश्यक भेद खोजिरहेका छन्। यसले अनावश्यक विभाजनमुखी वैचारिकी निर्माण गरिरहेको छ।

दशैंको नाममा विगतमा भएको भेद र दमन राजनीतिका कारणले हो, धर्मका कारणले होइन। यसकारण दशैं स्वयंलाई जनजाति विरोधी चाड भन्नु उपयुक्त हुन्न।

विविधतामा एकता

अवश्य धर्मपन्थमा विकृति छन्। धर्मले देवी खोज्न बाहिर नजाऊ, तिम्रो शरीर स्वयं देवी (प्रकृति) हुन् भनेको थियो। तर मानिसहरू आफ्नो शरीरभन्दा परको मूर्तिमा देवी खोज्न थाले। आफूभित्रको पशुवृत्तिको बलि चढाउ भनेको थियो। मानिसले निर्दोष पशुको हत्या गरेर रगत चढाउँदा देवी खुशी हुन्छिन् भन्ने अर्थ लगायो। धर्मलाई बुझ्दा यस्ता विकृतिलाई होइन, यस भित्रको विज्ञानलाई चाहिं बुझ्न जरुरी छ।

अर्कोतिर, पहिचानवादीले इतिहास, धर्म र पहिचान सम्बन्धी प्रचलित धारणा नै सच्याउन जरुरी छ। असभ्यता-बर्बरता-सभ्यताको एकल रेखा स्वीकार्ने बित्तिकै यहाँको सभ्यताको विज्ञान मर्छ। त्यो विज्ञान मर्दा यहाँका आदिवासीको पहिचान पनि मर्छ।

भाषा, भूगोल, आर्थिक जीवन र मनोवैज्ञानिक एकत्व पहिचानका स्थुल आयाम हुन्। मातृभूमि, प्रकृति पूजन र निर्वाण/मोक्ष, जस्ता चेतना र संस्कृतिचाहिँ यहाँका आदिवासीको वास्तविक पहिचान हो। यो अन्धविश्वास होइन, भयको उपज पनि होइन, बरु इतिहासको उच्चतम ज्ञान र गौरव गर्ने विषय हो। जनजाति नेताले अब यसरी सोच्न जरुरी छ।

सारमा, दशैंमा सबैले टीका लगाउनैपर्छ भन्ने छैन। तर यत्ति चाहिँ बुझ्न जरुरी छ कि दशैंको विज्ञान जनजाति विरोधी छैन। दशैंको निहुँमा आर्य-अनार्य भेद गर्न जरुरी छैन। बरु समुदाय बीचको स्वायत्तता र अन्तरसम्बन्धलाई सही ढंगले परिभाषित गर्न जरुरी छ। विविधतामा एकताको यथार्थलाई बुझ्न जरुरी छ। यस्तो प्रकारको एकताले मात्र यहाँको पहिचान आन्दोलन सफल हुन्छ।

अनलाईन खबरबाट




## स्वास्थ्य

# कति घण्टा सुत्ने ?

विभिन्न उमेरका मानिसहरुको निद्राको आवश्यकता फरक-फरक हुने गर्छ। हामीहरु प्रायले आफूलाई पर्याप्त निद्रा नपुगेको सहजै थाहा पाउछौं। तर पर्याप्त निद्रा भनको कति हो त? अमेरिकाको नेशनल स्लीप फाउण्डेशनले गरेको एक अनुसन्धानले भनेको छ - त्यो तपाईंको उमेरमा भर पर्छ।

सुत्ने नियमितताको अभाव, मदिरा, कफी र इनर्जी ड्रिंक्स जस्ता पेय पदार्थको सेवन, अलार्म घडी र दिनको प्रकाश जस्ता कुराहरुले मानिसको बायोलोजीकल क्लक अर्थात जैविक घडीलाई प्रभावित गर्ने गर्छ। फाउण्डेशनका अनुसार व्यक्तिको निद्राको आवश्यकता उस्को जीवनशैलीमा आधारित हुने गर्छ।

तर उमेरले पनि मानिसको निन्द्राको आवश्यकतामा महत्वपूर्ण भूमिका निर्धारण गर्ने गर्छ।

नवजात (०-३ महिना) - भर्खर जन्मेका बच्चाहरुले सामान्यतया दैनिक १४ देखि १७ सुत्नु पर्दछ। ११ देखि १३ घण्टा सुत्दा पनि तिनीहरुलाई निद्रा पुग्छ, तर १९ घण्टाभन्दा बढी सुत्न दिनु हुँन।

शिशु (४-११ महिना) - यिनीहरुका लागि उपयुक्त १२ देखि १५ घण्टाको निद्रा हो। कम्तीमा १० घण्टा सुत्दा पनि निद्रा पुग्न सक्छ तर शिशुहरुलाई १८ घण्टाभन्दा बढी कहिल्यै सुत्न दिनु हुदैन।

वामे सर्नेहरु (१-२ बर्ष) - यो उमेरका बच्चाहरुले ११ देखि १४ घण्टा सुत्नु पर्छ। यिनीहरुका लागि स्वीकार्य ९ देखि १६ घण्टाको निद्रा हो।

विद्यालय जानु अघिका (३-५ बर्ष) - विशेषज्ञहरु यो उमेर समूहका बच्चाहरुले १० देखि १३ घण्टा सुत्नु पर्ने बताएका छन्। तर ८ घण्टाभन्दा कम र १४ घण्टा भन्दा बढी निद्रा यिनीहरुलाई उपयुक्त हुंदैन।

स्कुले उमेरका (६-१३ बर्ष) - अमेरिकी निद्रा फाउण्डेशनका अनुसार यो उमेरकाहरुले ९ देखि

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
अमृत अर्याल
प्रदेश सभा सदस्य, कोशी प्रदेश

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
योगेन्द्र प्रसाद मण्डल
संघिय सांसद क्षेत्र नं. ५ मोरंग

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
जय प्रकाश महतो (महासचिव)
अखिल नेपाल पिछडा वर्ग

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
स्वास्तिक आयल इन्ड्रष्ट्रिज प्रा.लि.
परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
राजकुमार यादव (अध्यक्ष)
जनता समाजवादी पार्टी नेपाल मोरंग